# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क १९ पूर्णाङ्क २५७ | २०७८ कार्तिक १५ गते सोमबार | Monday, 1 Nov., 2021 | पृष्ठ ८ | मूल्य रू. १०/-


## घुम्नैपर्ने १० उत्कृष्ट मुलुकको सूचीको ८औं नम्बरमा नेपाल



काठमाडौं । विश्वका पर्यटकीय गन्तव्यबारे जानकारी दिने ट्राभल गाइडबुक लोन्ली प्लानेटले सन् २०२२ मा घुम्नैपर्ने १० उत्कृष्ट गन्तव्यहरूको बाँकी ७ पेजमा

# मूल्यवृद्धिको मारमा उपभोक्ता

काठमाडौं । नेपाल आयल निगमले फेरि मूल्यवृद्धि गऱ्यो । पछिल्लो मूल्यवृद्धि अनुसार पेट्रोलको मूल्य प्रतिलिटर १३३ पुऱ्याइएको छ भने ग्यासको मूल्य १५ सय । त्यसैगरी डिजेल, मट्टितेल र हवाइ इन्धनको पनि मूल्यवृद्धि गरिएको छ । यो मूल्यवृद्धिको प्रत्यक्ष परोक्ष मारमा उपभोक्ता परेका छन् । पेट्रोलियम पदार्थको मूल्यवृद्धिसँगै दैनिक उपभोग्य वस्तुमा पनि मूल्यवृद्धि हुने गरेको छ । उसै पनि चाडबाडको मुखमा उद्योगी, व्यापारी व्यवसायीहरूले कृत्रिम अभाव खडा गरी चर्को रूपमा मूल्यवृद्धि गर्ने गरेका छन् । त्यसमाथि आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरिदिएपछि व्यापारीहरूका लागि 'के खोज्छस् कानो आँखा' भनेजस्तो हुने गरेको छ । उद्योगी, व्यापारी, व्यवसायहीहरूले आयल निगमसँग मिलेमतो गरी पेट्रोलियम पदार्थको मूल्यवृद्धि गराउने गरेको आरोप पनि लाग्ने गरेको छ ।




कोभिड महामारीका कारण लामो समयसम्म लकडाउन हुँदा जनसर्वसाधारण रोगले भन्दा भोकले मर्नुपर्ने स्थितिमा पुगेको बेला त्यसमाथि चाडबाडको मुखमा दैनिक उपभोग्य वस्तुमा मूल्यवृद्धि आकाशिएपछि जनसर्वसाधारण मरताको क्या नइ करता भन्ने स्थितिमा पुगेका छन् । न्यून आय भएका गरिब किसान तथा दैनिक मजदुरी गर्ने श्रमिकहरूका लागि चाडबाडले सँधै ठूलो संकट लिएर आउने गर्दछ । 'आयो चाडबाड ढोल बजाई, गयो चाडबाड ऋण बोकाई' भन्ने उखानले जनसर्वसाधारणको यही स्थितिलाई दर्शाउँछ ।

जब चाडबाड नजिकिन थाल्छन्, बजारमा खाद्यान्नको भाउ उकालो लागिहाल्छ । विगतमा झैं यस वर्ष पनि खाद्यान्नको अनियन्त्रित मूल्यवृद्धिले निरन्तरता पाइरहेको छ । चाडबाडका बेला माग बढ्ने भएकाले व्यवसायीले मूल्यवृद्धि गर्ने गर्दछन् । सरकारले मूल्यवृद्धि रोक्न बजार अनुगमन गरेजस्तो गर्छ तर उद्योगी, व्यापारी र व्यवसायीहरूले कमिसन दिएपछि त्यो केवल देखावटीमा मात्र सीमित हुन पुग्दछ ।

जिल्ला प्रशासन कार्यालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, गुणस्तर विभागलगायत नियामक निकायको प्रमुख दायित्व हुन्छ- उपभोक्ताको हित संरक्षण गर्नु । तर बिडम्बना, ती सरकारी निकायहरू नै कमिसनको लोभमा उपभोक्ताको हित संरक्षणमा गम्भिर खेलवाड गर्ने गर्दछन् । परिणामतः व्यापरी व्यवसायीलाई उपभोक्ता लुट्न असनका साढेजस्तै बेलगाम बन्छन् । आजसम्म बजार अनुगमनले बजारमूल्य नियन्त्रण भएको कुनै रेकर्ड छैन । यसबाट बजार अनुगमन केवल देखावटी कर्म मात्र भइरहेको पुष्टि हुन्छ ।

खुद्रा व्यापार संघको तथ्यांक हेर्ने हो भने खानेतेलको मूल्य एक वर्षमै प्रतिलिटर एक सय रूपैयाँभन्दा धेरै बढेको छ । गेडागुडी, चामल, चिउरा, चिनीसहित अन्य खाद्यान्नको मूल्य पनि अचाक्ली आकासिएको छ । यसरी मूल्य निरन्तर बढिरहँदा बजार प्रणालीमाथि समेत प्रश्न उठ्न थालेको छ । उत्पादक, आयातकर्तादेखि खुद्रा बिक्रेता र उपभोक्तासम्म आइपुग्दा जति तहमा किनबेच हुन्छ, मूलतः विचौलिया र कालोबाजारियाहरूले महँगी बढाउने काम गरिरहेका छन् । वाणिज्य विभागले नै तयार पारेको प्रतिवेदनअनुसार, उत्पादकदेखि उपभोक्तासम्म आइपुग्दा ५ देखि ६ तहसम्म पार गर्नुपर्छ, जसले बजारभाउ बढाउन सघाइरहेका छन् ।

चालु आर्थिक वर्षको साउनमा तेल र घिउको मूल्य २९.०७ प्रतिशतले बढेको राष्ट्र बैंकको तथ्यांक छ । बाँकी ७ पेजमा

## सम्झौता छिटो अनुमोदन गर्न एमसीसी मुख्यालयले वक्तव्य निकार दियो दबाब

काठमाडौं । नेपालको संसदबाट मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्बन्धी सम्झौता अनुमोदन गर्न ढिलाइ भइररहेको भन्दै एमसीसी मुख्यालयले वक्तव्य निकालेर छिटो अनुमोदन गर्न दबाब दिएको छ ।

संसदबाट सम्झौता पारितमा भइरहेको ढिलाइले नेपाली जनताका लागि अति महत्त्वपूर्ण ऊर्जा र सुरक्षित सडक निर्माण गर्न अमेरिकाले उपलब्ध गराउन लागेको ५०० मिलियन डलर अनुदान सहयोग जोखिममा परेको विज्ञप्तिमा उल्लेख छ । तर नेपालका सत्तारुढ दलका नेताले नेपालको कानुनअनुसार सम्झौता अनुमोदन गर्न आवश्यक प्रक्रिया अघि बढाउने प्रतिबद्धता जनाएको एमसीसी मुख्यालयले जनाएको भन्दै घुमाउरो पाराले दबाब दिएको छ । 'तर एमसीसी सम्झौता अनुमोदनबिनै नेपालको संसद् बैठक अन्त्य गरिएको छ । सम्झौता अनुमोदन नहुँदा लाखौं नेपाली परिवारले यसबाट पाउने फाइदामा लिन ढिलाइ हुनजान्छ', एमसीसी मुख्यालयले भनेको छ।

वासिङ्टनस्थित एमसीसी मुख्यालयले हालै विज्ञप्ति जारी गरी एमसीसी सम्झौता अनुमोदन नगरी संसद् अन्त्य गरिएकोप्रति चासो व्यक्त गरेको हो।

एमसीसीका वरिष्ठ अधिकारीले सेप्टेम्बरमा नेपाल भ्रमण गरी एमसीसी कम्प्याक्टमाथि उठेका विषयमा आफ्ना धारणा स्पष्ट पारिसकेको उल्लेख गर्दै नेपाल सरकारबाट एमसीसी अघि बढाउने विषयमा भ्रमणमा प्रतिबद्धता व्यक्त भएको विज्ञप्तिमा जनाइएको छ ।

## एमसीसीका विरुद्ध क्रान्तिकारी माओवादीको खबरदारी : एमाले सांसदले निवासमा र कांग्रेसका सांसदले सडकमै बुझे ध्यानाकर्षण पत्र

❑ अनु निरौला

काठमाडौं । राष्ट्रघाती एमसीसी सम्झौताको पक्षमा सार्वजनिक अभिव्यक्ति नदिन र संसदमा एमसीसीको व्यापक भण्डाफोर गर्दै त्यसको बिपक्षमा मतदान गर्न आग्रहसहित नेकपा (क्रान्तिकारी माओवादी) काठमाडौंले काठमाडौं ७ नं. निर्वाचन क्षेत्रबाट निर्वाचित नेकपा एमाले सांसद रामबिर मानन्धर र नेपाली कांग्रेसका सांसद दिव्यमणि राजभण्डारीलाई ध्यानाकर्षण पत्र बुझाएको छ ।

क्रान्तिकारी माओवादीकी केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज सरुको नेतृत्वमा गएको टोलीले बाँकी ७ पेजमा



## प्रधानन्यायाधीश चोलेन्द्रको राजीनामा माग्दै बारले थाल्यो आन्दोलन




काठमाडौं । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग्दै नेपाल बार एशोसिएसनले आन्दोलन थालेको छ । कानून व्यवसायीहरूले कालोपट्टी बाँधेर विरोध प्रदर्शन गरेका छन् । नेपाल बार एशोसिएसनको नेतृत्वमा आइतबार विहान १० बजेबाट कालोपट्टी बाँधेर सर्वोच्च अदालतमा विरोध प्रदर्शन गरेका छन् ।

प्रधानन्यायाधीश जबराले न्यायपालिकाको स्वच्छता, गरिमा कायम राख्न नसकेको आरोपमा बारले विरोधका कार्यक्रम घोषणा गरेको छ । प्रधानन्यायाधीश जबराले राजीनामा दिएर न्यायपालिका सुधारका लागि मार्गप्रशस्त गर्नुपर्ने अडान राखेको छ । तर प्रधानन्यायाधीश जबराले भने राजीनामा नदिने अडानमा रहेका छन् ।

## मुल्यवृद्धिको बिरूद्ध अखिल (क्रान्तिकारी)ले आयल निगम घेराउ गर्ने

काठमाडौं । अखिल (क्रान्तिकारी)ले पेट्रोलियम पदार्थको अस्वभाविक मुल्यवृद्धिको बिरुद्ध आइतबार (भोलि कार्तिक १४) गते १ बजे टेकु स्थित आयल निगमको कार्यालय घेराउ गर्ने भएको छ ।

अखिल क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेलले एक वक्तव्य जारी गर्दै पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि अविलम्ब फिर्ता गर्न माग गरिएको छ ।

त्यसैगरी अखिल क्रान्तिकारी सहित अन्य विध्यार्थी संगठनहरूले पनि संयुक्त रूपमा वक्तव्य जारी गर्दै मुल्यवृद्धि फिर्ता गर्न माग गरेका छन् ।



'सम्पूर्ण वामपन्थी, प्रगतिशील, देशभक्त र जनतान्त्रिक विद्यार्थीहरू एकजुट होऔं !'

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी)
All Nepal National Independent Student's Union (Revolutionary)
(Central Committee)

प.सं.
च.नं.

मिति : २०७८/०७/१३

**पेट्रोलियम पदार्थको मूल्यवृद्धि अविलम्ब फिर्ता गर !**

हाम्रो महान् तथा गौरवशाली सङ्गठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी) शिक्षा र स्वास्थ्य क्षेत्रमा भएका सबै प्रकारका विकृति र विसङ्गतिको अन्त्यका साथ राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सुनिश्चितताका लागि र महँगी एवम् भ्रष्टाचारका विरुद्ध निरन्तर सङ्घर्षरत रहँदै आएको कुरा सर्वविदितै छ । फेरि पेट्रोल, डिजेल र मट्टितेलमा ३-३ रुपैयाँको दरले, हवाई इन्धन (आन्तरिक तथा बाह्य) मा प्रतिलिटर १० रुपैयाँ र खाना पकाउने एल.पी. ग्यासमा प्रतिसिलिण्डर ५० रुपैयाँ मूल्य बढाएको छ । शेरबहादुर देउवा नेतृत्वको सरकारले कोभिड-१९ बाट प्रताडित नेपाली जनतालाई राहत दिनु त परै जाओस्, पटक-पटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेर नेपाली जनताको ढाड सेक्ने काम गरेको छ । उक्त कार्यको हाम्रो सङ्गठन घोर निन्दा एवम् भर्त्सना गर्दछ । जनताको दैनिकी चल्न नसक्ने र चुल्होसमेत नबल्ने अवस्था सिर्जना हुन पुगेको छ । त्यस्तै, सार्वजनिक यातायातले मनपरी भाडा असुल्ने, विद्यार्थी, ज्येष्ठ नागरिक, घाइते, अपाङ्गता भएकाहरुलाई कार्ड छुट नदिनेजस्ता कार्य भइरहेको हुँदा अविलम्ब मनपरी भाडा असुल्ने काम बन्द गरी वैज्ञानिक भाडादर कायम गर्न र कार्ड छुटको व्यवस्थालाई दृढताका साथ कार्यान्वयन गर्न पनि नेपाल सरकार र सम्बन्धित निकायसँग जोडदार अपिल गर्दछौं । साथै, पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि अविलम्ब फिर्ताका लागि नेपाल सरकार, नेपाल आयल निगम र सम्बन्धित निकायसँग जोडदार अपिल गर्दछौं । अन्यथा, पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धिविरुद्ध सशक्त सङ्घर्षमा उत्रन बाध्य हुने चेतावनीसहित विद्यार्थी, अभिभावक, शिक्षक, मजदुर, किसान, युवालगायत आम जनसमुदायलाई हार्दिक अपिल गर्दछौं ।

क्रान्तिकारी अभिवादनसहित !

हरिकृष्ण गजुरेल
अध्यक्ष

## "वर्तमान स्थितिमा सोलोडोलो कम्युनिस्ट पार्टीहरु वा पूर्व माओवादीहरु एकजुट हुने संभावना नै छैन"



मोहन वैद्य 'किरण',
महासचिव- नेकपा (क्रान्तिकारी माओवादी)

***महासचिव ज्यू, तत्कालीन नेकपा (माओवादी)को नेतृत्वमा नेपालमा दश वर्ष लामो जनयुद्ध सञ्चालन भयो । आफ्नो उत्कर्षका बेला त्यसले नेपाली समाजमा ल्याएको परिवर्तन र विश्व क्रान्तिमा त्यसले प्रदान गरेको महत्वपूर्ण योगदानबारे सर्वत्र चर्चा हुने गर्दथ्यो । आज आएर त्यसबारे विभिन्न कोणबाट नकारात्मक टिप्पणीहरू गरिएको पाइन्छ । त्यसको एकजना मुख्य पहलकर्ता र शीर्ष पङ्क्तिको नेताको हैसियतले यसबारे यहाँको भनाइ के छ ?***

तत्कालीन नेकपा (माओवादी)को नेतृत्वमा सञ्चालित दश वर्षको महान् जनयुद्धले आधार इलाकाहरूको स्थापना गरी जनसरकारहरूको निर्माण गरेर आर्थिक, राजनीतिक तथा सांस्कृतिक रूपमा नेपाली समाजमा निश्चय नै भारी उथल-पुथल ल्याएको हो । यस प्रकारको ऐतिहासिक परिघटनाले विश्व क्रान्तिका लागि पनि ठुलो उत्प्रेरणा तथा सकारात्मक सन्देश दिएकै हो । साथै, अंशतः भए पनि गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेसी समानुपातिक प्रतिनिधित्व जस्ता विषयलाई उपलब्धिका रूपमा लिनु पर्दछ । यस प्रकारको तथ्य र सत्यप्रति आँखा चिम्लेर जनयुद्धप्रति नकारात्मक टिप्पणी गर्नेहरू घोर प्रतिक्रियावादी, तिनका दलाल र अवसरवादी तत्वहरू नै हुन् । जहाँसम्म जनयुद्धको विश्वासघात गर्ने मूल नेतृत्वप्रति नकारात्मक ढङ्गले गरिने टिप्पणीको प्रश्न हो त्यसलाई हामीले स्वाभाविक नै ठान्नु पर्दछ ।

***लाखौं जनताको सक्रिय सहभागितामा सञ्चालित जनयुद्धले ठुलो 'धक्का' खाएको भनिन्छ । त्यसका पछाडिका कारणहरू के के होलान् ?***

विशाल जनसमुदायको सहभागितामा विकसित हुँदै आएको बाँकी २ पेजमा

## सम्पादकीय

# अब जनअदालतको पक्षमा आवाज बुलन्द गरौं !

यसपालिको दसैंअघि प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर राणाका प्रतिनिधि भनिएका गजेन्द्र हमाललाई प्रधानमन्त्री देउवाले मन्त्री नियुक्त गरे । हमाल तिनै हुन् जसले राणालाई सर्वोच्च ल्याउन देउवामार्फत् भूमिका खेलेका थिए । राणाका जेठानसमेत रहेका हमालले नियुक्तिको दुई दिन नपुग्दै राजीनामा दिए । उनले राजीनामा दिए पनि मन्त्रिपरषदमा भागबन्डा खोज्ने प्रधानन्यायाधीश राणाको कामले न्यायालयको गरिमा, स्वतन्त्रता र जनविश्वास गुमाउने भन्दै न्याय क्षेत्र आन्दोलित छ । शक्ति सन्तुलनको मान्यता भत्काउने काम प्रधानन्यायाधीश भएका बेला राणाले अर्को तहमा पुऱ्याएको आरोप लाग्ने गरेको छ ।

राणालाई नेतृत्वमा राखेर न्यायालयप्रति जनआस्था, स्वतन्त्रता र गरिमा जोगाउन नसकिने भन्दै उनले राजीनामा दिनुपर्ने वा महाअभियोग लगाउनु पर्ने आवाज चौतर्फी उठ्न थालेको छ । पूर्वन्यायाधीश फोरमले प्रधानन्यायाधीशले आफैं निकास नदिए उनीमाथि संसदले अनुसन्धान गर्नुपर्ने धारणा सार्वजनिक गरिसकेको छ ।

न्यायालय सुधार अभियानमा लागेका कानुन व्यवसायीहरूले राणालाई नेतृत्वमा राखिरहन नहुने बताएका छन् । सर्वोच्चका न्यायाधीशहरू समेत प्रधानन्यायाधीशको कार्यशैलीले न्यायालयलाई विवादित बनाएको भन्दै एक हप्तादेखि इजलास बसेका छैनन् । सर्वोच्चका १९ न्यायाधीश अहिले प्रधानन्यायाधीशविरूद्ध एकजुट छन् । उनीहरूले उनको राजीनामा समेत मागिसकेका छन् । तर प्रधानन्यायाधीश राणाले भने सडकबाट माग्दैमा राजीनामा नदिने अडान लिएका छन् । नेपाल बारले उनीविरूद्ध कालोपट्टि बाँध्ने र धर्नासमेत दिने कार्यक्रम गरिहेको छ । यता देउवा सरकार भने जारी संसद अधिवेशन नै अन्त्य गरेर विदेश भ्रमणमा निक्लिएका छन् । चौतर्फी रूपमा चोलेन्द्रलाई पदमुक्त गर्नुपर्ने आवाज उठिरहेको बेला संसदवादी राजनीतिक पार्टीहरूले भने मौनता साँधिरहेका छन् । उनीहरूले यस विषयमा केही बोलिरहेका छैनन् ।

न्यायाधिशहरू राजनीतिक पार्टीहरूकै कार्यकर्ताको रूपमा भर्ति गरेपछिको अनिवार्य परिणति चोलेन्द्र भएको भन्दै न्यायपालिकालाई राजनीतिबाट मुक्त राख्नुपर्ने आवाज उठिरहेको छ । प्रधानन्यायाधीश राणा नेपाली राजनीतिक व्यवस्थाकै उपज भएको र त्यो ठाउँमा अरु पात्र आएपनि स्वतन्त्रतापूर्वक कार्यसम्पादन गर्ने वातावरण नहुने भन्दै सिंगो व्यवस्था नै बदलिनुपर्ने आवाज पनि उठिरहेको छ ।

सिंगो न्यायपालिका र न्यायाधीशहरूको बारेमा जे जति अहिले बहस भइरहेको छ । त्यसमा यथास्थितिवादी दृष्टिकोण हावी देखिन्छ । यथास्थितिवादी दृष्टिकोणबाट गरिने बहस र निकालिने निष्कर्ष तथा समाधानले न्यायालयमा देखिएका तमाम समस्याहरूको दीर्घकालीन समाधान नदिने निश्चित छ । न्यायालय मौजुदा व्यवस्थाकै एक अंग भएकोले यो पनि कार्यपालिका र व्यवस्थापिका जस्तै भ्रष्ट र नालायक हुनु स्वभाविकै हो । राजनीतिक भागवण्डाको आधारमा न्यायाधीशहरू नियुक्त गर्न थालेपछि न्याय सम्पादन निष्पक्ष हुन सम्भवै थिएन, भएन । सत्ता, व्यवस्था, शक्ति र दबाबका आधारमा न्याय सम्पादन प्रभावित हुन पुग्यो । जतिसुकै सुधार गरे पनि यथास्थितिमा न्यायालयले निष्पक्ष र स्वतन्त्र भूमिका निर्वाह गर्न सक्दैन । यसले अन्यायमा परेका जनसर्वसाधारणको पक्षमा न्याय निरूपण गर्न सक्दैन । आजसम्मका घटनाक्रमले यो तथ्य र निष्कर्षलाई पुष्टि गरिसकेको छ ।

यस पृष्ठभूमिमा अब जनताले वास्तविक न्यायका लागि जनअदालतको पक्षमा आवाज उठाउन जरुरी छ । मौजुदा अदालतको अग्रगामी विकल्प भनेको जनअदालत नै हो । जनअदालतले जनवादी राज्यव्यवस्थाको माग गर्दछ । अहिलेको दलाल पुँजीवादी संसदीय व्यवस्थामा आधारित लोकतान्त्रिक गणतन्त्रलाई हटाएर संघीय जनगणतन्त्रको स्थापना गर्न जरुरी छ । संघीय जनगणतन्त्रमा आधारित संघीय जनअदालतहरूले नै अन्याय, विभेद र उत्पीडनमा परेका जनसर्वसाधारणका लागि निष्पक्ष वा स्वतन्त्रतापूर्वक न्याय सम्पादन गर्न सक्नेछ । वास्तवमा न्याय भनेकै जनताको लागि हो । अहिलेको अदालतले सत्ता, शक्ति, पहुँच, पैसा भएका व्यक्तिको पक्षमा मात्रै न्याय सम्पादन गरेका धैरै दृष्टान्तहरू छन् । तसर्थ, यो बुर्जुवा अदालती संरचनालाई ध्वस्त पारेर अब जनवादी व्यवस्थामा आधारित जनअदालतहरूको निर्माणको दिशामा सत्य र न्यायका पक्षपाति सम्पूर्ण जनसर्वसाधारणहरूले आवाज बुलन्द गर्न जरुरी छ ।

## वर्तमान...

जनयुद्धले ठुलो धक्का खाएकै हो । यसका पछाडि सबैभन्दा प्रमुख रूपमा जनयुद्ध सञ्चालन गर्दै आएको मूल नेतृत्वकै विश्वासघात, आत्मसमर्पणवाद तथा गद्दारी नै रहेको छ । दोस्रो कारण भनेको पार्टी नेतृत्वमा रहेका क्रान्तिकारी कमरेडहरूमा विद्यमान आवश्यक सतर्कताको कमी र सीमा नै हो ।

***जनयुद्धका त्यतिखेर चर्चामा आएकामध्ये एकजना नेताले मालेमावादलाई र साम्यवादलाई नै असान्दर्भिक भन्ने निष्कर्ष निकाल्दै गैर मार्क्सवादी विचार लिँदै गैर कम्युनिस्ट सङ्गठनमा सामिल भएका छन् । अर्का नेता नेपालमा यतिखेर विद्यमान लोकतान्त्रिक गणतन्त्र नै जनयुद्धको मुख्य माग भएको, त्यो मूलतः हासिल भएको र आफू त्यसको 'प्रमुख संरक्षक' भएको दावी गर्दै आइरहेका छन् । वास्तवमा जनयुद्ध कुन उद्देश्य हासिल गर्नका लागि सञ्चालन गरिएको थियो ? त्यो हासिल भयो कि भएन ? यसबारे प्रकाश पारिदिनुस् न ।***

हो, त्यो बेला चर्चित रहेका एक नेताले मालेमावाद र साम्यवादलाई नै परित्याग गरिसकेका छन् । त्यो कुरा स्पष्ट नै छ । जहाँसम्म अर्का नेताको लोकतान्त्रिक गणतन्त्र नै जनयुद्धको मुख्य माग भएको भन्ने दावी छ त्यो सरासर झुट कुरा हो । हामीले नेपालमा सामन्तवाद, दलाल तथा नोकरशाही पुँजीवाद र साम्राज्यवादी तथा विस्तारवादी उत्पीडन तथा हस्तक्षेपको अन्त्य गरी सर्वहारा वर्गको नेतृत्वमा आम जनसमुदायको सहभागितामा नयाँ जनवादी गणतान्त्रिक राज्यसत्ताको स्थापना गर्ने उद्देश्यमा आधारित रही महान् जनयुद्ध सञ्चालन गरेका थियौं । दिनको घाम जत्तिकै छर्लङ्ग यस सत्यलाई बङ्ग्याउन खोज्नेहरू स्वयम् नाङ्गिने र नाङ्गिएको कुरा सुस्पष्ट नै छ ।

***नेपालको यतिखेरको अर्थ–सामाजिक अवस्थाका विषयमा कम्युनिस्ट पार्टी भन्नेहरूका बिचमा फरक मतहरू बाहिर आइरहेका छन् । एकथरिले नेपाल अझै अर्ध–सामन्ती र अर्ध/नव–औपनिवेशिक अवस्थामा रहेको बताइरहेका छन् । अर्काथरिले नेपालमा पुँजीवादको स्थापना भइसकेको हुनाले एकै पटक समाजवादमा जान सकिन्छ भन्ने गरेको पाइन्छ । यसबारे सही निष्कर्ष के हो ? अनि नेपाली क्रान्तिको चरित्र कस्तो हुन्छ ?***

नेपाली समाजको स्वरूपबारे यहाँ विभिन्न घटकहरूका आ-आफ्नै धारणा रहिआएका छन् । हाम्रो पार्टीले नेपाली समाजलाई अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक र नव-औपनिवेशिक अवस्थामा रहेको विश्लेषण गरेको छ र यो विश्लेषण एकदमै सही तथा वैज्ञानिक रहेको छ । किनभने नेपाली समाज अर्ध-सामन्ती अवस्थामा छ । यसको अर्थ नेपालमा एकातिर अझै पनि सामन्तवादका कतिपय विशेषता कायमै छन् भने अर्कोतिर यहाँ पुँजीवादको पनि विकास हुँदै गएको छ । सामन्ती भूस्वामित्व अझै कायम रहनु, देशमा सानो जोतवाला किसानको अझै बाहुल्य हुनु, र अझै पनि विशाल ग्रामीण क्षेत्रमा निर्वाहमुखी अर्थतन्त्रका विशेषता विद्यमान हुनुले देशमा सामन्तवाद अझै समाप्त नभएको देखिन आउँछ । यहाँ पुँजीवादको विकास अवश्यै भएको छ, तर त्यो औद्योगिक पुँजीवाद नभएर दलाल तथा नोकरशाही पुँजीवाद हो ।

नेपाल अझै पनि कृषिमा निर्भर देश हो र यहाँ व्यावसायिक खेतीको विकास न्यून नै छ । नेपाल अझै पनि अर्धऔपनिवेशिक अवस्थामा छ, किनभने यहाँ भारतीय विस्तारवादसित भए गरिएका असमान सन्धि सम्झौताहरू यथावतै रूपमा छन् र त्यसले नेपाललाई आर्थिक, राजनीतिक तथा सांस्कृतिक रूपमा निरन्तर उत्पीडन गर्दै आएको छ । लामो समयदेखि त्यसले कालापानी, सुस्ता सहितका नेपाली भूभागमा नाङ्गो हस्तक्षेप गर्दै आएको छ । साथै, नेपाल नव-औपनिवेशिक अवस्थामा पनि छ र विभिन्न साम्राज्यवादी तथा अमेरिकी साम्राज्यवाद लगायतका क्तिहरूले विभिन्न ढङ्गको शोषण उत्पीडन गर्दै आएका छन् । अहिले यो शोषण उत्पीडन नवउदारवादी बहुराष्ट्रिय कम्पनीहरू र विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व व्यापार सङ्गठन, विभिन्न ढङ्गका गैरसरकारी संस्था मार्फत् हुँदै आएको छ ।

उक्त यथार्थप्रति आँखा चिम्लेर नेपालमा पुँजीवादको विकास भइसक्यो भन्नेहरू प्रतिक्रियावादका मतियार, घोर अवसरवादी र अबुझहरू नै हुन् । कतिपय इमान्दार र क्रान्तिकारीहरूमा पनि उनीहरू भ्रम छर्न सफल भएका छन् । जहाँसम्म नेपाली क्रान्तिको चरित्रको सवाल हो त्यो देश अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक तथा नव-औपनिवेशिक अवस्थामा रहेको स्थिति अनुरूप राष्ट्रिय तथा जनतान्त्रिक स्वरूपको हुनेछ र दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवाद एवम् साम्राज्यवाद तथा विस्तारवादका विरुद्ध परिलक्षित रहने छ ।

***जनयुद्धको नेतृत्व गर्ने तत्कालीन नेकपा (माओवादी) यतिखेर विभिन्न समूहमा विभाजित छ । तत्कालीन नेकपा (माके) र नेकपा (एमाले) मिलेर बनेको डबल नेकपा फुटेर तीन टुक्रा भएको छ । यसै सन्दर्भमा, 'कम्युनिस्ट पार्टीहरू एकजुट हुनु पर्छ', पूर्व माओवादीहरू मिलेर एकीकृत पार्टी बनाउनु पर्छ भन्ने चर्चा पनि सुनिन थालिएको छ । यहाँको पार्टीले कम्युनिस्ट पार्टीहरूको एकताको संभावनालाई कुन रूपमा लिएको छ ?***

नेपाली कम्युनिस्ट आन्दोलन विभाजित रहिआएको कुरा यथार्थ नै हो । अहिले डबल नेकपा पनि विभाजित भएर नेकपा (माके) र नेकपा (एमाले) का रूपमा यथावतै पूर्व स्थितिमा फर्किएका छन् । एमाले पनि पुनः फुट्ने स्थितिमा छ । हामीले यी दुवै समूहहरूलाई एकीकृत हुनु पूर्व पनि र एकीकृत हुँदा पनि कम्युनिस्ट समूहका रूपमा लिएका छैनौं । रूपमा तिनले कम्युनिस्ट नाम राखे पनि सारतत्वमा घोर दक्षिणपन्थी संशोधनवादी हुन् र तिनको प्रतिक्रियावादमा पतन भइसकेको छ । हो, ती दुवै समूहभित्र थुप्रै क्रान्तिकारी साथीहरू छन् । यो स्थितिमा सोलोडोलो कम्युनिस्ट पार्टीहरू वा पूर्व माओवादीहरू एकजुट हुने संभावना नै छैन । जहाँसम्म सच्चा क्रान्तिकारी कम्युनिस्टहरूको कुरा हो ती पनि एकातिर अझै छितरिएका छन् भने अर्कोतिर विभिन्न ढङ्गका विचलनका शिकार भएका छन् । यस अवस्थामा हामीले निरपेक्ष एकीकरण होइन, एकीकरण र ध्रुवीकरणको द्वन्द्ववादलाई अवलम्बन गर्नु पर्दछ ।

***नेपाल यतिखेर गम्भीर सङ्कटका बिचबाट गुज्रिरहेको छ भन्ने कुरा धेरैले मानेका छन् । यो सङ्कटको प्रमुख कारण केलाई मान्नु हुन्छ ?***

नेपाल निश्चय नै गम्भीर सङ्कटका बिचबाट गुज्रिरहेको छ । यसका पछाडि मुख्यतः साम्राज्यवादी नवउदारवादलाई निर्देशक सिद्धान्त मानेर जीवन धानिरहेका संसदवादी तथा संशोधनवादी र तिनले संरक्षण गर्दै आएको दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्त वर्गीय राज्यसत्ता नै कारण र जिम्मेवार रहेका छन् । यी सबै एकातिर मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायतका जनताका हकहित माथि कुठाराघात गर्दै आएका छन् भने अर्कोतिर देशको स्वाधीनताको रक्षा तथा जनजीविकाका समस्याहरूको समाधान गर्नै नसक्ने अवस्थामा छन् । यो सङ्कटलाई हामीले गम्भीरतापूर्वक लिने, त्यसको सही विश्लेषण गर्ने र त्यसबाट पार पाउनका लागि सही निकास दिनेबारे निकै गम्भीर, सचेत र जिम्मेवार भएर प्रस्तुत हुन जरुरी छ ।

***नेपाली राजनीतिमा यतिखेर विद्यमान अवस्थाको 'विकल्प'को निकै चर्चा हुने गरेको पाइन्छ । विद्यमान सङ्कट समाधान गर्ने सही विकल्प के हुन सक्छ भन्ने यहाँहरूको पार्टीको धारणा हो ?***

विद्यमान प्रतिक्रियावादी राज्यसत्ता, व्यवस्था र तिनको संरक्षण गर्ने शक्ति वा तत्वहरूका विरुद्ध नयाँ जनवादी राज्यसत्ताको स्थापना गरी वैज्ञानिक समाजवादतर्फ अगाडि बढ्नु नै आजको एकमात्र विकल्प हो । त्यसैले हाम्रो पार्टीले सङ्घीय जनगणतान्त्रिक व्यवस्था र सरकारको स्थापनाको नारा प्रस्तुत गर्दै आन्दोलनलाई नयाँ ढङ्गले विकसित गर्नु पर्ने काममा विशेष जोड दिने गरेको छ ।

***'सङ्घीय जनगणतन्त्र'लाई तपाईंहरूले विद्यमान राज्य व्यवस्थाको विकल्पमा प्रस्तुत गरेको देखिन्छ । अहिले नै त्यो विकल्प प्रस्तुत गरिहाल्ने बेला भएको छैन भन्नेहरू पनि छन् । यसबारे केही स्पष्ट पारिदिनु हुन्छ कि ?***

अहिलेलाई सङ्घीय जनगणतन्त्रको विकल्पलाई प्रचारात्मक/आन्दोलनात्मक नाराका रूपमा प्रस्तुत गर्नु सही हुन्छ र आन्दोलनको विकाससँगै यो नारालाई हामीले कारबाही मूलक नारा बनाउने दिशामा लग्नु पर्दछ । त्यसैले हामीले जुन विकल्प प्रस्तुत गरेका छौं त्यो सही र वैज्ञानिक दुवै छ ।

***यहाँहरूले लामै समयदेखि 'क्रान्तिकारी संयुक्त मोर्चा'को नीति र व्यवहारिक अभ्यास गर्दै आउनु भएको छ । यसबारे यहाँहरूको अनुभव कस्तो छ ?***

संयुक्त मोर्चा विभिन्न रूप, तह तथा विषय र तत्कालीन तथा दीर्घकालीन प्रकृतिका हुन्छन् र हुँदै आएका छन् । यो सिद्धान्तको कुरा हो । व्यावहारिक रूपमा पनि हामीले विभिन्न खाले संयुक्त मोर्चाको अभ्यास गर्दै आएका छौं । तात्कालिक वा खास खास विषयलाई लिएर कार्यगत एकताका रूपमा गरिने संयुक्त मोर्चाहरू कुनै बेला सफल र कुनै बेला असफल हुने गरेका छन् । जहाँसम्म, दीर्घकालीन, रणनीतिक वा क्रान्तिकारी प्रकृतिको संयुक्त मोर्चाको प्रश्न हो त्यो दलीय आधारमा अत्यन्तै कम रूपमा सफल र जनवर्गीय आधारमा गरिने मोर्चा बढी सफल भएका देखिन्छन् । यस सम्बन्धी अनुभव धेरै छन्, तर यहाँ विशद रूपमा अहिले नजाऔं । जे होस्, हामीले सबै ढङ्ग र प्रकारका संयुक्त मोर्चाका अनुभवबाट आवश्यक पाठ सिक्दै अगाडि बढ्नु पर्दछ र यस सन्दर्भमा आफ्नो प्रयास जारी नै राख्नु आवश्यक छ ।

***के नेपालमा जनगणतन्त्र स्थापना गर्नका लागि क्रान्तिकारी संयुक्त मोर्चा आवश्यक र अनिवार्य हो ? यस विषयमा भएका अन्तर्राष्ट्रिय अनुभवहरूबारे पनि बताई दिनुहोस् न ।***

नेपालमा जनगणतन्त्र स्थापनाका लागि क्रान्तिकारी संयुक्त मोर्चा आवश्यक र अनिवार्य त हुन्छ, तर मूर्त रूपमा त्यो विकसित हुँदै जाने स्थितिमा निर्भर गर्दछ । संयुक्त मोर्चाको प्रश्नलाई हामीले स्थिरताका अर्थमा होइन गतिशीलताका अर्थमा हेर्नु पर्दछ र दलीय संयुक्त मोर्चा भन्दा जनवर्गीय स्वरूपको संयुक्त मोर्चामा बढी भर पर्नु पर्छ । यसबारे अन्तर्राष्ट्रिय अनुभव पनि प्रचुर छन् । तात्कालिक प्रकारका कार्यगत एकता बन्ने गरेका छन्, तर दीर्घकालीन प्रकृतिका भने कमै देखिन्छन् ।

***नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा लगायतका सङ्गठनहरूको पहलमा करिव दुई दर्जन सङ्गठनहरूको खासगरी राष्ट्रियता, जनजीविका आदि विषयमा कार्यगत एकता कायम गरेर सङ्घर्षका कार्यक्रमहरू अघि बढाइएको पाइन्छ । यस प्रकारको कार्यगत एकताको नीति र व्यवहारिक अनुभवबारे प्रकाश पारिदिनु हुन्छ कि ?***

विभिन्न सङ्गठनहरूसित गरिँदै आएको यस प्रकारको कार्यगत एकताको नीति मुलतः सही नै छ । व्यवहारमा यस प्रकारको कार्यगत एकता मुल रूपमा सफल नै रहेको छ, परन्तु त्यो प्रभावकारी भने बन्न सकेको छैन । यस सन्दर्भमा कैयौं सीमा र समस्या छन्, तिनलाई पार र समाधान गर्दै जानु पर्दछ ।

***केपी ओलीले नेतृत्व गरेको सरकार असफल भएर देउवा नेतृत्वमा गठबन्धनीय सरकार बन्नु, संसदको सत्ताधारी र प्रतिपक्षी पार्टीहरू, यो राज्य व्यवस्था आदिको असफलताबाट मोह भङ्ग भएर यसको विकल्पको खोजीमा तपाईंहरूको पार्टीमा समावेस हुने क्रम चलेको चर्चा सुनिन्छ । के त्यस्तो ध्रुवीकरण हुँदै गएको हो ?***

यो क्रम लामो समयदेखि जारी छ, तर न्यून रूपमा । यसलाई प्रभावकारी बनाउन र ध्रुवीकरण सहितको एकीकरणका लागि पहल बढाउँदै लग्न जरुरी छ ।

***देश सर्वत्र सङ्कटका बिचबाट गुज्रिरहेको अहिलेको अवस्थामा तपाईंहरूको पार्टीको ठोस योजना र कार्यक्रम के छ ?***

देश सङ्कटग्रस्त बन्दै गइरहेको वर्तमान अवस्थामा पार्टीको ठोस योजना र कार्यक्रम वर्तमान प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाको विरोधमा जनमत तयार पार्दै जाने, राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका सवालहरूमा आफ्नै स्वतन्त्र पहल र कार्यगत एकता वा संयुक्त मोर्चा गरी सङ्घर्षलाई विकसित तुल्याउने, पार्टीलाई सुदृढ तुल्याउँदै जाने सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूलाई गोलबन्द गर्न जोड दिने र नयाँ जनवादी क्रान्तिको तयारी गर्ने काम र दिशामा परिलक्षित रहेका छन् ।

***देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको मुखपत्र मार्फत् नेपाली जनतालाई सम्वोधन गर्नुपर्ने विषय अरु के–के छन् ?***

जनता इतिहासको चालक शक्ति हो र नेपाली जनता नयाँ इतिहासको निर्माण गर्ने दायित्वप्रति सचेत एवम् क्रियाशील बन्दै आएका छन् । तर पनि अहिले देजमोको मुखपत्र मार्फत् जनतासित म के अनुरोध गर्दछु भने तपाईंहरू पुरानो राज्यसत्ता, संसदवाद तथा संशोधनवादको भ्रमजाललाई चिर्दै अझ अगाडि बढ्नुहोस् र हाम्रो पार्टी देश तथा जनताको मुक्तिप्रति अझै बढी प्रतिबद्ध बनेर नयाँ जनवाद, वैज्ञानिक समाजवाद र साम्यवादको महान् ऐतिहासिक यात्रामा दृढतापूर्वक अगाडि बढ्दै जाने छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com

हार्दिक शुभकामना

बडादशैं, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण नगरपालिकावासीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडवाड मनाउन अनुरोध गर्दछौं ।

कैफुलवरा जोलाह
वडाध्यक्ष
९८४८२२११४८

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं

व्यक्तिगत दर्ता कहाँ गर्ने ?
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

नेपालगञ्ज उपमहानगरपालिका वडा नं. ५ कार्यालय परिवार
नेपालगञ्ज

हार्दिक शुभकामना

बडादशैं, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण नगरपालिकावासीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडवाड मनाउन अनुरोध गर्दछौं ।

सफि बेहना
वडाध्यक्ष

सुभाष पौडेल
वडा सचिव
[illegible]०६४७९८

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं

व्यक्तिगत दर्ता कहाँ गर्ने ?
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

नेपालगञ्ज उपमहानगरपालिका वडा नं. ४ कार्यालय परिवार
नेपालगञ्ज

यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

# हार्दिक शुभकामना

विजया दशमी, शुभदीपावली, छठ तथा नेपाल सम्बतको उपलक्ष्यमा देश विदेशमा रहनुहुने सम्पुर्ण नगरवासी लगायत सारा नेपालीलाई हार्दिक मंगलमय शुभकामना। साथै, स्वास्थ्य सावधानी अपनाई चाडबाड मनाउनको लागि अनुरोध गरिन्छ। कोभिडको संक्रमण पुर्ण रूपले अन्त्य नभएको हुनाले यसको संक्रमणबाट "आफु बचौं र अरूलाई पनि बचाऔं !"

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*

जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ।

**नरबहादुर थापामगर**
नगरप्रमुख

**सृजना खड्का**
उप-प्रमुख

## रामेछाप नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
रामेछाप, बागमती प्रदेश, नेपाल



# हार्दिक शुभकामना

बडादशैं, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण नगरपालिकावासीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडवाड मनाउन अनुरोध गर्दछौं।

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*

जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ।

**नेत्रबहादुर रोकाय**
नगरप्रमुख

**बोमबहादुर के.सी.**
प्रमुख प्रशासकीय अधिकृत
मो.नं. ९८५७८८३६००१

## स्वर्गद्वारी नगरपालिका, प्यूठान

## हार्दिक शुभकामना

बडादशैं, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण नगरपालिकावासीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडवाड मनाउन अनुरोध गर्दछौं ।

द्रोण कुमार बोहोरा
कार्यालय सचिव

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

**नेपालगञ्ज उपमहानगरपालिका वडा नं. ९ कार्यालय परिवार**
नेपालगञ्ज

---

**कृषि अनुसन्धान निर्देशनालय खजुरामा विकास गरिएका गहुँ बालीका विभिन्न उन्नत जातका मूल बिऊका लागि समयमा नै खबर गरी उन्नत जातहरु लगाउन अनुरोध छ ।**

**कृषि अनुसन्धान निर्देशनालय**
मो.न. ९८५५०२२३४६, खजुरा, बाँके

---

**कृषि तथा पशुपन्छी क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण, यान्त्रिकरण तथा विविधिकरण गरी उत्पादन तथा उत्पादकत्वमा गुणात्मक वृद्धि गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गरौं ।**

**एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय**
प्यूठान

---

# देवदह नगरपालिकाको जनचेतनामूलक सन्देशहरू

१. जन्म, मृत्यु, विवाह, बसाइसराइको समयमै घटना दर्ता गरौं ।
२. घरआँगन टोलको सरसफाइमा जुटौं र स्वच्छ हराभरा देवदह बनाऔं ।
३. खानेपानी उमालेर वा फिल्टर अथवा निर्मलीकरण गरेर पीऔं ।
४. गर्भवती महिलालाई कम्तिमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
५. जथाभावी औषधिको प्रयोग नगरौं, स्वास्थ्यकर्मीको परामर्श लिऔं ।
६. वर्षको कम्तिमा एकपटक पूर्ण स्वास्थ्य परीक्षण गराऔं ।
७. देहायको लक्षण देखिएमा कोभिड-१९ को एन्टीजिन वा पीसीआर Test गराऔं र अलग्गै बसौं ।
*ज्वरो आएमा, घाँटी दुखे र रूघाखोकी लागि स्वाद वा गन्ध हराएमा*
*परिवारको सदस्य वा सँगै बस्ने साथीलाई कोभिड-१९ पोजिटिभ भएमा*
*स्वास फेर्न कठिनाइ, पखाला र जिऊ दुख्ने भएमा*

खोपसम्बन्धी जानकारी : जन्मदेखि दुई वर्षसम्मका बालबालिकाहरूलाई तपसिल बमोजिमका खोप लगाई विभिन्न सरुवा रोगहरूबाट बचाउनुहोस् ।

| क्र.सं. | खोपको नाम | समय/उमेर | पटक | बचाउने रोग |
|---|---|---|---|---|
| १. | बि.सी.जी | १ वर्षभित्र | १ | क्षयरोग |
| २. | डी.पी.टी/ हेप.बि.हिव. पोलियो | बच्चा ४ हप्ता पुगेपछि | ३ | भ्यागुते रोग, टिटानस, पोलियो, हेपाटाइटि बि |
| ३ | रोटा | ६ र १० हप्ता | ३ | रोटा भाइरस |
| ४ | पी.सी.बी. | ४, ६, १४ हप्ता | २ | निमोनिया |
| ५. | दाद'रा/रुबेला | ९ र १५ महिना | २ | दादुरा र रूबेला |
| ६. | जे.इ. | १२ महिना | १ | जापानिज इन्सेफलाइटिस |
| ७. | टी.डी. | गर्भवती | प्रथम- २ दोस्रो- १ पटक | टिटानस |

**देवदह नगरपालिका**
केरवानी, रुपन्देही

# हार्दिक शुभकामना

बडादशैं, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण गाउँपालिकावासीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडबाड मनाउन अनुरोध गर्दछौं ।

## जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*

जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

**पुष्पराज शर्मा**
अध्यक्ष, मो.नं.०९४८६०४३३२

**अमृतादेवी बुढा**
उपाध्यक्ष

**प्रेमबहादुर बुढा**
कार्यकारी प्रमुख

# सुर्माखाँद गाउँपालिका परिवार

अछाम



# हार्दिक शुभकामना

बडादशैं, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण गाउँपालिकावासीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडवाड मनाउन अनुरोध गर्दछौं ।

## जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*

जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

**झगबहादुर विश्वकर्मा**
नगरप्रमुख
मो.नं. ९८४७९६१३५९

**चिन्तामणी रेग्मी**
प्रमुख प्रशासकीय अधिकृत
मो.नं. ९८५७८३६०२२

# सरुमा रानी गाउँपालिका

वडडाडा, प्यूठान

# हार्दिक शुभकामना

बडादशैं, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण नेपाली जनतामा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडबाड मनाउन अनुरोध गर्दछौं ।

**श्याम थापा**
कार्यालय प्रमुख
**बुटवल पावर कम्पनी परिवार**
दारिमचौर, प्यूठान

# हार्दिक शुभकामना

बडादशैं, दिपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण नगरपालिकावासीहरूमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडबाड मनाउन अनुरोध गर्दछौं ।

**पदम गिरी**
अध्यक्ष, मो.नं. ९८४७८२०४९७

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

**प्यूठान नगरपालिका**
वडा नं. १०, मरन्ठाना, प्यूठान

# हार्दिक शुभकामना

बडादशैं, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण गाउँपालिकावासीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडबाड मनाउन अनुरोध गर्दछौं ।

**नवीन विक्रम शाह**
अध्यक्ष मो.नं. ९८५७८३३४७९

**हिरालाल भण्डारी**
प्रमुख प्रशासकीय अधिकृत मो.नं.९८५७८३३०२३

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

**ऐरावती गाउँपालिका परिवार**, बरौला, प्यूठान

# हार्दिक शुभकामना

बडादशैं, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण गाउँपालिकावासीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडबाड मनाउन अनुरोध गर्दछौं ।

**श्रीधर रोका**
अध्यक्ष मो.नं. ९८०१३३९५९८

**शिशिर रिजाल**
प्रमुख प्रशासकीय अधिकृत मो.नं.९८५७८३६००६

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

**माण्डवी गाउँपालिका परिवार**, प्यूठान

## ८ अर्ब...

छ। चितवनमा २ सय ९७, मकवानपुरमा ८०, धादिङमा ७५, सिन्धुलीमा ३३ र नुवाकोटमा ३० हेक्टर क्षेत्रफलमा गरिएको धानमा क्षति भएको छ। मनसुन समयमै सक्रिय भएर रोपाइँ राम्रो भए पनि वर्षाले धानबाली नष्ट भएपछि उत्पादन केही घट्न सक्ने जानकारहरू बताउँछन् ।

## घुम्नैपर्ने...

सूचीमा नेपाललाई आठौं नम्बरमा राखेको छ ।

सूचीको पहिलो नम्बरमा कुक आइल्याण्ड छ। दोस्रोमा नर्वे, तेस्रोमा मोरिसस, चौथोमा बेलिज, पाँचौंमा स्लोभानिया, छैटौंमा एंगुइला, सातौंमा ओमान, आठौंमा नेपाल, नवौंमा मलावी र दसौंमा इजिप्ट विश्वको उत्कृष्ट गन्तव्यको सूचीमा समावेश गरिएको छ ।

कोरोना महामारीका कारण नेपालको पर्यटन व्यवसाय संकटमा परेको बेला लोन्ली प्लानेटको सूचीमा नेपाल उत्कृष्ट १० भित्र पर्नुलाई व्यवसायीले सुखद मानेका छन् । यसबाट नेपालको पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पार्ने पर्यटन व्यवसायीहरूले आँकलन गरेका छन् ।

## एमसीसी...

एमाले सांसद मानन्धरलाई बालाजुको अस्टनारायण हलस्थित उहाँकै निवासमा पुगेर राष्ट्रघाती एमसीसीको पक्षमा अभिव्यक्ति नदिन र एमसीसीको पक्षमा मतदान नगर्न खबरदारीसहितको ध्यानाकर्षण पत्र बुझायो । पत्र बुझ्दै मानन्धरले आफू पनि एमसीसी पास गर्न नहुने पक्षमा रहेको भन्दै क्रान्तिकारी माओवादीको यो अभियानको सफलताको शुभकामना दिनुभयो । ध्यानाकर्षणपत्र बुझाउन पुगेको टोलीसँग उहाँले देश चलाउने नेतृत्व बेठिक भएको समेत टिप्पणी गर्नुभयो । त्यसैगरी धुम्बराही मण्डिखाटारस्थित कांग्रेसका समानुपातिक सांसद राजभण्डारीले भने ध्यानाकर्षण पत्र सडकमै बुझ्नुभयो । उहाँले सडकमै उभिएर ध्यानाकर्षण बुझ्नु भएको थियो । टोलीले अनुरोध गर्दा पनि उहाँले पत्र बुझेको हस्ताक्षर गर्न भने मान्नुभएन । ध्यानाकर्षण पत्र बुझे पनि एमसीसीको विषयमा भने उहाँले केही बताउन चाहनु भएन ।

क्रान्तिकारी माओवादीले कात्तिक १० देखि १३ गतेसम्म काठमाडौंबाट प्रतिनिधित्व गर्ने सांसदहरूलाई राष्ट्रघाती एमसीसी सम्झौता पास नगर्न खबरदारी गर्दै ध्यानाकर्षण पत्र बुझाउने निर्णय गरेको थियो । निर्णय अनुसार आज दुई जना सांसदहरूलाई उक्त पत्र बुझाएको हो । बाँकी सांसदहरूलाई अर्को दिन बुझाउने गरी समय मिलाइएको क्रान्तिकारी माओवादीका काठमाडौं जिल्ला सेक्रेटरी अमरले जानकारी दिनुभयो ।

## मूल्यवृद्धिको...

अघिल्लो वर्ष तेल र घिउको मूल्यवृद्धि ६.४८ प्रतिशत मात्रै थियो । साउनमा मात्रै समग्र मूल्यवृद्धि ४.३५ प्रतिशत पुगेको थियो । अघिल्लो वर्षको साउनमा यस्तो मूल्यवृद्धि ३.४९ प्रतिशत थियो । यो बढ्दो प्रवृत्तिमाथि नियन्त्रण नगर्ने हो भने यसले आम नागरिकको दैनिकी र अन्ततः सामाजिक सुव्यवस्थामै गम्भिर असर पार्न पुगेको छ । व्यवसायीको आयात प्रज्ञापनपत्र, लागत खर्च, मुनाफा र बजार मूल्यबारे कुनै अध्ययन भएको छैन ।

यसबीचमा चिनीको मूल्य पनि बढेर प्रतिकेजी १०० रूपैयाँ पुगेको छ । एक वर्षमा हरियो केराउ प्रतिकिलो ३० रूपैयाँ बढेर १५० रूपैयाँ पुगेको छ । सानो केराउ, राजमा, रहर दाल, मुसुरो दाललगायतको मूल्य पनि किलोमै ५० रूपैयाँसम्म वृद्धि भएको छ । चामलको मूल्य बोरामा १०० रूपैयाँ वृद्धि भएको संघको तथ्यांकले देखाउँछ । ड्राई फुड, काजु, पेस्तालगायतको मूल्य विगतका वर्षभन्दा दोब्बर पुगेको छ । सीमित आयातकर्ताले मौज्दात राख्दा एक वर्षअघिको तुलनामा मूल्य दोब्बर भएको हो । हरियो तरकारी र फलफूलको मूल्य छोइनसक्नु भएको छ । थोक बजारमा केही तरकारीको मूल्य शतप्रतिशत बढेको कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको तथ्यांक छ । पछिल्लो समय समग्र मूल्यवृद्धि ९ देखि १० प्रतिशत रहेको व्यवसायीको भनाइ छ । संघको तथ्यांकलाई राष्ट्र बैंकको विवरणले पनि पुष्टि गर्छ ।

बजारमा आफूखुसी मूल्य बढ्न नदिन आम उपभोक्ता आफैं जागरुक हुन जरुरी छ । आम उपभोक्ता नजागेसम्म उपभोक्ता ठगिने र लुटिने स्थितिको अन्त्य हुने देखिन्न । सरकारले त बजार अनुगमन प्रणालीलाई चाडबाडकेन्द्रित मात्र गर्ने गरेको छ । छिटफुट रूपमा हुने यस्ता अनुगमन पनि स्वार्थप्रेरित हुने गरेको उपभोक्ताकर्मीहरूको आरोप छ ।

संघीय सरकारका वाणिज्य विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, गुणस्तर विभाग, कृषि विभागलगायत नियामक निकायको भूमिकालाई पुष्ट र जवाफदेही बनाउन पनि उपभोक्तामा एउटा जागरण पैदा हुन जरुरी छ । देशको शासन व्यवस्था नै भ्रष्ट, निकम्मा र नालायक भएका कारण उपभोक्ता पाइला पाइलामा ठगिनु परेको छ । त्यसैकारण पनि व्यापारी र व्यवसायीहरूमा पेसागत जवाफदेहीता हराएर गएको छ । उद्योगी, आयातकर्ता, होलसेल र खुद्रा व्यापारी आफ्नो सामाजिक उत्तरदायित्वबाट टाढा भागिरहेका छन् । ऐन-नियमअनुसार जायज मुनाफा राख्न पाउने अधिकार भए पनि उनीहरूले चाडबाडको मौकामा कालोबजारी गर्ने गरेका छन् ।

बजारमा विभिन्न तह हुँदै उपभोक्तासम्म खाद्यान्न आइपुग्दा मूल्य अत्यधिक बढेको छ । खाद्य संस्थानले कम्पनीबाट सीधै तेल किनेर सर्वसाधारणलाई बिक्री गर्दा भने बजारभाउभन्दा सस्तो देखिएको छ । बिक्रीका सन्दर्भमा बजारमा हुने विभिन्न तह घटाउन सके मूल्य नियन्त्रण सहज हुन्छ भन्ने यो एउटा उदाहरण पनि हो । यसका लागि संघीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले तत्काल कदम चाल्नुपर्छ । उपभोक्ताको हकहितका लागि खोलिएका उपभोक्तावादी संस्था पनि उपभोक्ताभन्दा निहित स्वार्थमा लागेको आरोपसमेत लाग्ने गरेको छ । ती संस्था पनि जवाफदेही बन्नुपर्छ । त्यसमाथि जनताको लागि राजनीति गरेको भन्ने दाबी गर्ने राजनीतिक पार्टीहरू, तिनका भातृ तथा पेशागत संगठनहरूले पनि यस विषयमा खबरदारी गर्न जरुरी छ । राज्यका निकायहरूदेखि व्यापारी व्यवसायीहरूलाई उपभोक्ताको हित संरक्षणप्रति जवाफदेही बनाउन र बजारमूल्यमा नियन्त्रण कायम गर्न स्वयम् उपभोक्तासँगै सरोकारवाला सबै पक्षले निरन्तर रूपमा खबरदारी गर्न जरुरी छ ।

नेकपा (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी)ले पेट्रोलिय पदार्थमा गरिएको मूल्यवृद्धि फिर्ताको माग गर्दै आयल निगम घेराउ गऱ्यो । मूल्यवृद्धि फिर्ता नलिए सशक्त आन्दोलन गर्ने अखिल (क्रान्तिकारी) लगायत ६ विद्यार्थी संगठनले संयुक्त रूपमा वक्तव्य जारी गर्दै चेतावनी पनि दिएका छन् । मुल्यवृद्धि फिर्ताको माग सँगै दैनिक उपभोग्य वस्तुमा गरिएको मूल्यवृद्धि लगायत सम्पूर्ण जनजीविकाका सवालहरूमा पनि राजनीतिक पार्टीहरूका जनवर्गीय संगठनहरूले जोडदार रूपमा आवाज उठाउने र सार्वजनिक रूपमा दबाबमूलक आन्दोलनहरू अगाडि बढाउन जरुरी छ । महंगी, कालोबजारी लगायत जनजीविकाका जे जति समस्याहरू रहेका छन्, ती सबै समस्याहरूको समाधान गर्न यो भ्रष्ट, नालायक र निकम्मा संसदीय व्यवस्था, सत्ता र संविधानलाई नै बदल्न जरुरी देखिन्छ ।

बडादशैं, शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण नगर पालिकावासीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडवाड मनाउन अनुरोध गर्दछौं ।

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*

जन्म, मृत्यु, विवाह, बसाईँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

रन्जित खाँ — वडाअध्यक्ष ९८४७३४९२०३

सूर्य नेपाली — वडासचिव

**नेपालगञ्ज उपमहानगरपालिका वडा न. २१ परिवार**

नेपालगञ्ज, बाँके

# नगरबासीहरूमा मन्थली नगरपालिकाको अनुरोध

१. घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सापास गरौं ।
२. घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
३. घर निर्माण गुर्न अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
४. सार्वजनिक जग्गा, पोखरी, वन, आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं।
५. व्यक्तिगत घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा घटना दर्ता गरौं ।
६. आफ्नो टोल बस्तीमा हुने विकास योजना तर्जुमा, कार्यन्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
७. घरमा उत्पादन हुने फोहरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहरलाई घरमै मल बनाउँ ।
८. आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखी सभ्यताको परिचय दिउँ ।
९. कर तिर्नु भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गुर्न हो । तसर्थ विकासका खातिर समयमै तोकिएको दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
१०. नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनुहुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
११. घर घरमा शौचालय निर्माण गरौं र त्यसको सही उपयोग गरौं ।
१२. खाना खानुअघि र फोरमैला छोएपछि हात धुने बानी बसालौं ।
१३. गर्भवती महिलाहरूले नियमित गर्भजाँच गराऔं, सुरक्षित प्रशुति हुन स्वास्थ्य संस्थामा जाने गरौं ।
१४. आफ्नाा नानीबाबुहरूलाई विद्यालय पठाऔं, शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकार सुनिश्चित गरौं ।
१५. हिंसा नगरौं, हिंसा नसहौं र हिंसा हेरेर नबसौं ।
१६. सानातिना झै-झगडा, विवाद र साँधसिमाना विवादको समाधानका लागि मेलमिलाप केन्द्र र न्यायिक समितिमा सम्पर्क गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**मन्थली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
मन्थली, रामेछाप
बागमती प्रदेश

## आलोपालो

# ८ अर्ब २६ करोड ८० लाख रुपैयाँको धान क्षति

*कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलका अनुसार ती क्षेत्रफलबाट ३ लाख २५ हजार २ सय ५८ टन धान उत्पादन हुने अनुमान थियो । एक टनको २८ हजार रूपैयाँका दरले ८ अर्ब २६ करोड ८० लाख रूपैयाँ क्षति भएको देखिन्छ*

● विनोद सहयात्री ●

कात्तिक १ गत्तेदेखि करिब पाँच दिनसम्म परेको बेमौसमी अविरल वर्षाले मुलुकभर ८ अर्ब २६ करोड ८० लाख रूपैयाँको धान क्षति भएको प्रारम्भिक अध्ययनले देखाएको छ। प्रदेशस्तरबाट प्राप्त धानबालीको क्षति विवरणअनुसार सात प्रदेशमा २ लाख ८५ हजार ५ सय ९ हेक्टरमा गरिएको धानबालीमा असर पुगेको छ। यसमध्ये ८५ हजार ५ सय ८० हेक्टर क्षेत्रफलको धानमा क्षति पुगेको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलका अनुसार ती क्षेत्रफलबाट ३ लाख २५ हजार २ सय ५८ टन धान उत्पादन हुने अनुमान थियो। एक टनको २८ हजार रूपैयाँका दरले ८ अर्ब २६ करोड ८० लाख रूपैयाँ क्षति भएको देखिन्छ।

लुम्बिनीमा ४२ हजार ४ सय २७ हेक्टरमा लगाइएको ४ अर्ब ५१ करोड रूपैयाँको धान क्षति भएको विवरणमा उल्लेख छ। लुम्बिनीमा सबैभन्दा बढी बर्दियामा ११ हजार ५ सय ४०, कपिलवस्तुमा १० हजार ६ सय ९६, बाँकेमा ६ हजार ८ सय ७५ र रूपन्देहीमा ६ हजार ४ सय १० हेक्टरमा क्षति पुगेको छ। दोस्रोमा सुदूरपश्चिम प्रदेशमा क्षति पुगेको छ। यहाँ ५५ हजार हेक्टरमा असर गरे पनि क्षति भने १८ हजार हेक्टरमा भएको जनाइएको छ। उक्त क्षेत्रफलबाट १ अर्ब ९१ करोड रूपैयाँको धान क्षति भएको विवरणमा उल्लेख छ। सुदूरपश्चिममा पनि कैलाली र कञ्चनपुरमा बढी क्षति पुगेको छ।

तेस्रोमा प्रदेश १ मा ८० करोड रूपैयाँको धान क्षति भएको छ। प्रारम्भिक अध्ययनमा प्रदेश १ मा ४९ हजार ९ सय ४५ हेक्टरमा असर गरेकोमध्ये ७ हजार ४ सय ९२ हेक्टरमा क्षति पुगेको उल्लेख छ । उक्त क्षेत्रफलबाट २८ हजार ४ सय ६९ टन धान नष्ट भएको छ। प्रदेश १ मा सबैभन्दा झापामा १३ हजार १ सय २५, मोरङमा ९ हजार ८ सय ९६ र सुनसरीमा ९ हजार ७ सय २ हेक्टरमा क्षति पुगेको छ।

२०७८ भदौसम्म १७ सम्म झापामा ८७ हजार ५ सय, मोरङमा ८२ हजार ४ सय ६७ र सुनसरीमा ५३ हजार ९ सय हेक्टरमा रोपाइँ गरिएको थियो। प्रदेश १ का यी तीन जिल्लाबाहेक अन्यमा पनि सामान्य क्षति पुगेको छ। धानको मुख्य पकेट क्षेत्र प्रदेश २ मा ४८ हजार ६ सय ८४ हेक्टरमा लगाइएको धानमा असर पुऱ्याए पनि क्षति भने ५ हजार ३ सय ५५ हेक्टरमा भएको छ। उक्त क्षेत्रफलबाट २० हजार ३ सय ५० टन धान क्षति भएको छ। रकमका हिसाबले ५६ करोड रूपैयाँको धान क्षति भएको मन्त्रालयले जनाएको छ। प्रदेश २ का आठ जिल्लामा उक्त क्षति भएको हो। प्रदेश २ मा ४ लाख ३ हजार १ सय ६४ हेक्टरमा धान खेती भएको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश २ का सूचना अधिकारी मनीषकुमार पालले जानकारी दिए।

सप्तरीमा ६६ हजार १ सय ५० हेक्टरमध्ये १६ हजार ५ सय ३७ हेक्टरमा क्षति पुगेको छ। सर्लाहीमा ४३ हजार हेक्टरमध्ये ७ हजार ४० र सिरहामा ५८ हजार हेक्टर क्षेत्रफलमध्ये ८ हजार ७ सय हेक्टरमा लगाइएको धानमा क्षति पुगेको जनाइएको छ। पाँचौं नम्बरमा कर्णालीमा ३० करोड रूपैयाँको धानमा क्षति पुगेको छ। यहाँ २२ हजार ५ सय हेक्टरमा असर पुगे पनि १० हजार ५ सय ८४ हेक्टरमा गरिएको धानमा क्षति पुगेको मन्त्रालयको तथ्यांक छ। उक्त क्षेत्रफलबाट ४० हजार २ सय १९ टन धान क्षति भएको छ। कर्णालीको सल्यानमा ३ हजार ५ सय ७०, सुर्खेतमा २ हजार ३ सय ९२, दैलेखमा १ हजार ५ सय, कालीकोटमा ८ सय ७९ र जुम्लामा ६ सय ८१ हेक्टरमा गरिएको धानमा क्षति पुगेको छ।

वाग्मतीमा भने ७ हजार ५ सय हेक्टरमा असर गरे पनि क्षति भने ५ सय ३० हेक्टरमा मात्र भएको प्रारम्भिक अध्ययन छ। यहाँ ५ करोड ८० लाख रूपैयाँ बराबरको २ हजार ६८ टन धान क्षति भएको जनाइएको *बाँकी ७ पेजमा*


## सार्वजनिक सूचना

१. सार्वजनिक सडक ऐन २०३१ अनुसार राजमार्गको केन्द्र रेखादेखि दायाँबायाँ दुवैतिर २५/२५ मिटर सडक सीमाभित्र कुनै किसिमको संरचना बनाउन निषेध गरिएको छ। साथै सडक सीमाको किनाराबाट ६/६ मिटरसम्म पर्खालबाहेक अन्य कुनै किसिमको स्थायी बनावट (स्ट्रक्चर) वा भवन कसैले निर्माण गर्न निषेध गरिएको छ।

२. सडक सीमाभित्र जथाभावी सामान थुपार्ने व्यक्तिगत प्रयोजनका कामहरु गर्ने घरपालुवा जनावहरु छाड्ने, जथाभावी पार्किङ गर्ने तथा मानिसहरुको जथाभावी आवतजावतले दुर्घटना निम्त्याउने हुँदा यस्ता कार्यहरु नगर्न अनुरोध छ।

३. सडकमा निर्वाध रुपमा सवारी सञ्चालन गर्ने अवरोध पुग्ने किसिमका कामहरु नगर्न तथा पैदल यात्रुहरु सडकको छेऊबाट सुरक्षित तवरले हिंड्न अनुरोध छ।

४. सार्वजनिक सडकहरु तपाई हाम्रै सम्पत्ति हुन्, यिनीहरुको हेरविचार र सुरक्षा गरौं।

होमबहादुर एसी
डिभिजन प्रमुख (मो.नं.९८५८०६०६०८)

**सडक डिभिजन कार्यालय**
नेपालगञ्ज, बाँके

२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने
**राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।**
कोही नछुटौं, कोही नदोहरिऔं ।
बसोबास गरेकै ठाउँबाट आफ्नो विवरण लेखाऔं ।
घर-घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**








**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।